# समाज कल्याण परिषद्को पदाधिकारी मनोनयन सम्बन्धी मापदण्ड, २०७३

समाज कल्याण परिषदका पदाधिकारीहरुको मनोनयन प्रक्रियालाई बढी व्यवस्थित र पारदर्शी बनाउने प्रयोजनका लागि नेपाल सरकारले यो मापदण्ड बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो मापदण्डको नाम समाज कल्याण परिषद्को पदाधिकारी मनोनयन सम्बन्धी मापदण्ड, २०७३ रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "समाज सेवा" भन्नाले नाफाको उद्देश्य नराखी व्यक्तिगत वा सामूहिक रुपमा गरिने समाज कल्याण कार्य सम्झनु पर्छ ।

(ख) "सामाजिक संघ संस्था" भन्नाले समाज कल्याण कार्य गर्न प्रचलित कानून बमोजिम स्थापना भएको र समाज सेवामा संलग्न गैर सरकारी सामाजिक संघ संस्था सम्झनु पर्छ ।

(ग) "परिषद" भन्नाले समाज कल्याण ऐन, २०४९ को दफा ५ बमोजिम स्थापित भएको समाज कल्याण परिषद सम्झनु पर्छ ।

(घ) "पदाधिकारी" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को उपाध्यक्ष, कोषाध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँदछ।

(ङ) "विभागीय मन्त्री" भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको जिम्मेवारी लिने उपप्रधानमन्त्री, मन्त्री वा राज्य मन्त्रीलाई जनाउँदछ ।

(च) "सचिव" भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा कार्यरत सचिवलाई जनाउँदछ।

३. योग्यताः समाज कल्याण परिषद्का विभिन्न पदाधिकारीहरुका लागि देहाय बमोजिमको योग्यता तोकिएकोछः

क) उपाध्यक्षको लागिः

१) नेपालको नागरिक,

२) २५ वर्ष पुरा भएको,

३) नैतिक पतन देखिने कुनै फौजदारी कसुरमा सजाय नपाएको,

४) नियुक्ति हुँदाका बखतकुनै राजनीतिक दलको सदस्य नभएको,

५) मान्यता प्राप्त विश्वविद्यालयबाट न्युनतम स्नातकको उपाधि हासिल गरेको,

६) समाज सेवाको क्षेत्रमा कम्तिमा १० (दश) वर्ष विशिष्ट योगदान पुऱ्याएको ।

ख) कोषाध्यक्षका लागिः

१) नेपालको नागरिक,

२) २५ वर्ष पुरा भएको,

३) नैतिक पतन देखिने कुनै फौजदारी कसुरमा सजाय नपाएको,

४) नियुक्ति हुँदाका बखतकुनै राजनीतिक दलको सदस्य नभएको,

५) मान्यताप्राप्त विश्वविद्यालयबाट न्यूनतम स्नातकको उपाधि हासिल गरेको
६) समाज सेवाको क्षेत्रमा कम्तिमा १० (दश) वर्ष विशिष्ट योगदान पुऱ्याएको,
७) आर्थिक प्रशासन सम्बन्धी ज्ञान भएको ।

ग) सदस्य-सचिवको लागि:

१) नेपालको नागरिक,
२) २५ वर्ष पुरा भएको,
३) नैतिक पतन देखिने कुनै फौजदारी कसुरमा सजाय नपाएको,
४) नियुक्ति हुँदाका वखतकुनै राजनीतिक दलको सदस्य नभएको,
५) मान्यता प्राप्त विश्वविद्यालयबाट न्युनतम स्नातकको उपाधि हासिल गरेको ,
६) समाज सेवाको क्षेत्रमा कम्तिमा १० (दश) वर्ष विशिष्ट योगदान पुऱ्याएको,
७) उच्चा प्रशासकीय एवं व्यवस्थापकीय क्षमता भएको ।

घ) सदस्यको लागी:

१) नेपालको नागरिक,
२) २५ वर्ष पुरा भएको,
३) नैतिक पतन देखिने कुनै फौजदारी कसुरमा सजाय नपाएको,
४) नियुक्ति हुँदाका वखत कुनै राजनीतिक दलको सदस्य नभएको,
५) मान्यता प्राप्त विश्वविद्यालयबाट न्युनतम स्नातकको उपाधि हासिल गरेको,
६) समाज सेवाको क्षेत्रमा कम्तिमा ५ (पाँच) वर्ष योगदान पुऱ्याएको ।

४. पदाधिकारी मनोनयन सम्बन्धी मापदण्ड:

१) नेपाल सरकार, मन्त्रिपरिषदले समाजसेवीको तर्फबाट परिषदमा विभिन्न पदाधिकारी मनोनयन गर्ने छ ।
२) त्यस्तो व्यक्तिले सामाजिक सेवाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको हुनुपर्नेछ र निजमा उच्च कार्यक्षमता र व्यवस्थापकीय क्षमता हुनुपर्नेछ ।
३) निजको पदावधि नेपाल सरकार, मन्त्रिपरिषदले मनोनयन गर्ने निर्णय गरेको मितिदेखि चार वर्षसम्म रहनेछ।
४) सामान्यतया परिषद्को पदाधिकारीको पद रिक्त हुनुभन्दा केही दिन अगावै मन्त्रालयले मनोनयनको प्रकिया सुरु गर्नुपर्नेछ।
५) मन्त्रालयले विभागीय मन्त्रीको सल्लाह र निर्देशनमा सम्भावित व्यक्तिहरुको व्यक्तिगत विवरण/Bio-Data सहितको नामावली संकलन गर्नेछ ।
६) मन्त्रालयको प्रशासन तथा जनशक्ति व्यवस्था शाखाले व्यक्तिगत विवरण सहितको नामावली र आफ्नो राय सम्बन्धित महाशाखा प्रमुख समक्ष पेश गर्नेछ ।
७) महाशाखा प्रमुखले आफ्नो राय सहित मन्त्रालयको सचिव समक्ष प्रस्तुत गर्नेछन् ।
८) मन्त्रालयको सचिवले आफ्नो रायसहित सम्भावित व्यक्तिहरुको नाम विभागीय मन्त्री समक्ष पेश गर्नेछन् ।
९) विभागीय मन्त्रीले प्राप्त नामावली मध्येबाट सामाजिक संघ संस्थाको क्षेत्रमा लामो अनुभव हाशिल गरी सामाजिक सेवामा विशिष्ट योगदान पुऱ्याएको र उच्च कार्यक्षमता तथा

व्यवस्थापकीय क्षमता भएको व्यक्तिको मनोनयन हुन मन्त्रिपरिषदमा प्रस्ताव पठाउने गरी निर्णय गर्नुपर्नेछ ।

१०)विभागीय मन्त्रीबाट मन्त्रिपरिषद्को प्रस्ताव पठाउने निर्णय भए पश्चात मन्त्रालयको प्रशासन तथा जनशक्ति व्यवस्था शाखाले निर्णयको प्रतिलिपी, मनोनयनका लागि सिफारिस भएको व्यक्तिको व्यक्तिगत विवरणसहितको प्रस्ताव तयार गरी सचिव समक्ष पेश गर्नुपर्नेछ ।

११) सचिवले पेश भएको प्रस्ताव, निर्णयको प्रतिलिपी निजको व्यक्तिगत विवरण समेत हेरी मन्त्रिपरिषदबाट स्वीकृति हुनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दर्ता गराउन लगाउनेछन् ।

१२) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्णयका लागि सो प्रस्ताव मन्त्रिपरिषद्को बैठकमा पेश गर्नेछ ।

१३) नेपाल सरकार, मन्त्रिपरिषदबाट निर्णय भएपछि समाज कल्याण परिषद्को उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य-सचिव र सदस्यको चार वर्षका लागि मनोनयन हुनेछ ।

१४) कुनै पदाधिकारीले परिषद्लाई हानी नोक्सानी पुऱ्याई परिषद्को हितविपरीत हुने गरी काम गरेमा, परिषदमा आबद्ध कुनै संघ संस्थासंग संलग्न भएमा, निजमा कार्यक्षमताको अभाव भएमा, अनियमित वा भ्रष्टाचारजन्य कार्य गरेमा परिषद्को सिफारिशमा नेपाल सरकार, मन्त्रिपरिषदले निजलाई पदमुक्त गर्न सक्नेछ र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

१५) तर यसरी पदबाट हटाउनु अघि परिषदले निजलाई आफ्नो पक्षमा सफाई पेश गर्ने अवसर दिनुपर्नेछ।

१६) पदाधिकारीको काम, कर्तव्य र अधिकार प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

५.पद रिक्त हुने अवस्थाः

१) देहायको अवस्थामा पदाधिकारीको पद रिक्त भएको मानिनेछ ।

क) निजको मृत्यु भएमा,

ख) निजले अध्यक्षमार्फत दिएको राजिनामा मन्त्रिपरिषदबाट स्वीकृत भएमा,

ग) निजमा कार्यक्षमताको अभाव भई नेपाल सरकारले पदमुक्त गरेमा,

घ) यस मापदण्ड बमोजिमको योग्यता नभएमा वा नरहेमा ।

२) उपदफा (१) बमोजिम रिक्त हुन आएको पदमा यसै कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी पदपूर्ति गरिने छ ।

नेपाल सरकार
महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव